# मदन स्मारक माध्यमिक विद्यालय सम्बन्धी छानविन प्रतिवेदन

**१. उजूरीमा उठाइएका विषयवस्तुहरुः**

मदन स्मारक उ.मा.वि. ललितपुरको जग्गामा निहित स्वार्थ भएका पहुँचका व्यक्तिहरुको मिलेमतोमा स्कूल व्यवस्थापन समितिलाई कुनै जानकारी नै नगरी स्कूलका प्रशासनलाई दवाव दिई ललितपुर महानगरपालिकाको वडा नं. ३ र २० को विचको बाटो फराकिलो पार्ने बहानामा स्कूलको सार्वजनिक जग्गाको पूर्वी भाग र उत्तरी भाग मात्र कब्जामा लिने नियतले पूर्वी तथा उत्तरी भागमा रहेका निजि क्षेत्रका व्यक्तिहरुसँग मिलोमतो गरी सार्वजनिक सडकको मापदण्ड विपरित स्कूलको मात्र जग्गा मिच्ने र स्कूलको जग्गा भित्र विभिन्न संरचनाहरु निर्माण गरी व्यक्तिगत स्वार्थको लागि प्रयोजनमा ल्याउने उद्देश्यका साथ स्कूल कम्पाउण्ड भित्र उक्त पर्खाल निर्माण गर्न थालेको देखिएको ।

**२. उजूरीको विषयवस्तुका सम्वन्धमा देखिएका तथ्यहरु :-**

क) क्लासिक डेभलपर्स प्रा.लि. मिति २०६२/११/०९ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको देखिन्छ ।

ख) राष्ट्रिय दैनिक पत्रिकामा मिति २०६३/१२/१५ मा प्रकाशित गरिएको सूचनामा मदन स्मारक उ.मा.वि.को स्वामित्वमा रहेको जग्गा मध्ये केही भाग लिजमा दिने भनी प्रस्ताव आव्हान गरेको देखिन्छ ।

ग) राष्ट्रिय दैनिक पत्रिकामा मिति २०६४/०२/०१ मा प्रकाशित गरिएको सूचनामा मदन स्मारक उ.मा.वि.को स्वामित्वमा रहेको जग्गा मध्ये केही भाग लिजमा दिने संशोधन सम्बन्धी गरी पुनः प्रस्ताव आव्हान गरेको देखिन्छ ।

घ) राष्ट्रिय दैनिक पत्रिकामा मिति २०६४/०३/०९ मा प्रकाशित गरिएको सूचनामा मदन स्मारक उ.मा.वि.को स्वामित्वमा रहेको जग्गा मध्ये केही भाग लिजमा दिने संशोधन गरी पुनः प्रस्ताव आव्हान गरेको देखिन्छ ।

ङ) ललित मण्डप ट्राभल एण्ड टुर्स प्रा.लि. ले मिति २०६४/०५/१६ गते मदन स्मारक उ.मा.वि. लाई प्रस्ताव पेश गरेको पत्र लेखेको देखियो ।

च) मदन स्मारक उ.मा.वि. र ललित मण्डप ट्राभल एण्ड टुर्स प्रा.लि. बिच मिति २०६४/१२/१७ गते भएको सम्झौतामा विद्यालयको स्वामित्वमा रहेको २६ रोपनी जग्गा मध्ये पुर्वपट्टीको ४० फिट चौडाइ, ३३० फिट लम्बाई र दक्षिणतर्फ ४० फिट चौडाइ, ५२ फिट लम्बाइको लगभग १३६०० व.फि. दिने/लिने सम्झौता भई २५ वर्षका लागि लिजमा दिन/लिन मञ्जुर भएको देखियो ।

छ) ललित मण्डप ट्राभल एण्ड टुर्स प्रा.लि. ले दोश्रो पक्षको हैसियतले प्राप्त हक र दायित्व क्लासिक डेभलपर्स प्रा.लि. कम्पनीले व्यहोर्ने गरी उक्त परियोजनाको कार्य गर्न मञ्जुर भएको कागज लेखि ललित मण्डप ट्राभल एण्ड टुर्स प्रा.लि. का सञ्चालक अध्यक्ष श्री सुरज शाक्यलाई मिति २०६८/०८/१४ गते दिएको देखियो । साथै ललित मण्डप ट्राभल एण्ड टुर्स प्रा.लि. ले सोही मितिमा कम्पनीको सम्पूर्ण करारीय हक र दायित्व क्लासिक डेभलपर्स प्रा.लि.मा सर्ने गरी मदन स्मारक उ.मा.वि. र क्लासिक डेभलपर्स प्रा.लि. का विच करार सम्पन्न गर्न मञ्जुरी दिएको देखियो ।

ञ) मदन स्मारक उ.मा.वि. र क्लासिक डेभलपर्स प्रा.लि. विच जग्गा बहालमा लिने/दिने सम्बन्धी सम्झौता पत्रमा मिति २०६८/१०/१७ गते विद्यालयका प्रधानाध्यापक गोविन्द प्रसाद पौडेल र कम्पनी सञ्चालकका तर्फबाट बाबुराजा महर्जनको हस्ताक्षर भएको देखियो ।

झ) ललितपुर महानगरपालिकाको आ.ब. २०७५/७६ को बार्षिक स्वीकृत बजेट अन्तर्गत नगरपालिकाले रु. ३१,९२१२७।२८ र जन श्रमदानबाट रु. ३,५४,६८०।७० गरी जम्मा रु.३५,४६,८०७।९८ लागतमा ललितपुरको मदन स्मारक उ.मा.वि.को पूर्व तर्फको कम्पाउण्ड वाल सारी बाटो विस्तार गर्ने योजना स्वीकृत भएकोमा सो कार्य उपभोक्ता समिति मार्फत गराउने र प्राविधिक निरीक्षण ललितपुर महानगरपालिकाले नै गर्ने गरी योजना कार्यान्वयन भई उक्त कार्य भएको पाईएको ।

ञ) उक्त बाटो विस्तार गर्ने योजना महानगरको स्वीकृत बार्षिक बजेट अन्तर्गत भई महानगरपालिकाको नै सक्रियतामा भएको र महानगरले नै आफ्नो नेतृत्वमा सो कार्य उपभोक्ता समिति मार्फत गराएको र उक्त क्षेत्रको धार्मिक, संस्कृतिक, पर्यटकिय दृष्टिकोणले बाटो विस्तार गर्न अत्यावश्यक भएको महशुस गरि आधारभूत आवश्यकताको सिद्धान्त अनुसार तत्कालको लागि अतिनै आवश्यक देखिएकोमा उक्त बाटो नियमपूर्वक खोल्दा सडक जाम कमहुने, आवत जावतमा सहजहुने, ललितपुरको पुरानो बस्ती तथा पर्यटकिय क्षेत्रलाई समेत सहयोग पुग्ने हेतुले बाटो विस्तार गर्ने कार्य शिघ्र सुचारु गर्ने निर्णय गरेको देखिन्छ ।

ट) मदन स्मारक उ.मा.वि वडा नं. ३ मा अवस्थित रहेको तर मदन स्मारक उ.मा.वि.को पूर्व पट्टीको कम्पाउण्ड वाल देखि बाहिर वडा नं २० भएकोले उक्त बाटो वडानं २० का स्थानिय बासिन्दालाई प्रत्यक्ष फाईदा पुग्ने र पूर्वतर्फकै स्कूलको कम्पाउण्ड वाल ९ फिट सारी बाटो विस्तार गर्ने कार्य भएकोले विद्यालयको मात्र कम्पाउण्ड वाल सारेर बाटो विस्तार गरेको देखिन्छ ।

ठ) ललितपुर महानगरपालिका, वडा नं. ३ र वडा नं. २० का जनप्रतिनिधीहरुको मिलिमतोमा विद्यालयको सहमती बेगर स्थानिय जनताको मागलाई आधार मानेर विद्यालयको खुल्ला खेल मैदान मिची पर्खाल निर्माण गरेको देखिन्छ ।

ड) मदन स्मारक उ.मा.वि. का प्र.अ. गोविन्द प्रसाद पौडेलको संयोजकत्वमा मिति २०७६/०१/२९ गते बसेको बाटो विस्तार सम्बन्धमा भएको छलफलले उक्त पूर्वतर्फको बाटो विस्तारले विद्यालयलाई हानी नोक्सानी पुग्ने देखिएकोले सो कार्यमा विद्यालयको पूर्ण असहमति रहेको भन्ने निर्णय भएको पाइयो ।

ढ) ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनको अध्यक्षतामा मिति २०७६/०८/१२ मा ललितपुर महानगरपालिका वडा नं. ३ मा रहेको श्री मदन स्मारक उ.मा.वि. को पूर्वतर्फको कम्पाउण्डवाल सारी बाटो विस्तार गर्ने सम्बन्धि योजनाको विषयमा छलफल गरी उक्त बैठकले बाटो बनाउने निर्णय गरेको ।

ण) ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनको अध्यक्षतामा ललितपुर महानगरपालिका वडा नं. ३ मा रहेको श्री मदन स्मारक उ.मा.वि. को पूर्वतर्फको कम्पाउण्डवाल सारी बाटो विस्तार गर्ने सम्बन्धि योजनाको सम्बन्धमा ललितपुर महानगरनगरपालिका प्रमुख, प्राविधिक सहितको टोली, वडा नं २० का वडा अध्यक्ष र वडानं ३ का वडा अध्यक्ष लगायत संयुक्त छलफल गरी वडानं ३ को वडा कार्यालयबाट राय लिई उक्त प्राप्त राय अनुसार मदन स्मारक उ.मा.वि.को पूर्व तर्फ बाटो विस्तार गर्दा सो बाटोको जि.एल.डी. नक्सा अनुसार पूर्वतर्फ **मिश्रीत पुरानो बसोबास उपक्षेत्र** भएकोले पुराना घर हुनेहरुले सोही ठाउँको बाटोको सेन्टरबाट जग्गा

नछोडी सोही ठाउँमा घरले चर्चेको जग्गा बरावरको जग्गामा नयाँ घर निर्माण गर्न पाउने भएकोले सो तर्फ जग्गा खालीनै नभएको तर सडक चाप बृद्धिको कारणले गर्दा सडक चौडा गर्दा दुवै तर्फ बराबर लिनुपर्ने भएतापनि आधारभूत आवश्यकताको सिद्धान्त अनुसार पनि तत्कालको लागि अतिनै आवश्यक देखिएकोले उक्त बाटो नियमपूर्वक खोल्दा अनुपयुक्त नहुने भनि राय सहित प्राप्त भएको हुँदा उक्त बाटो विस्तार गर्ने कार्य शिघ्र सुचारु गर्ने निर्णय गरेको देखिन्छ ।

त) ललितपुर महानगरपालिकाले विद्यालयभित्र हाल भएको भौतिक पूर्वाधारमा बाटो विस्तार गर्दा पुग्न जाने क्षतीलाई न्यून गर्न के गर्न सकिन्छ भनी वडा नं. ३ र २० का वडा अध्यक्षहरु, विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको सदस्य सहितले स्थलगत निरिक्षण गरी सोहि अनुसार बाटो विस्तारको कार्य अगाडि बढाउने भनी निर्णय गरेको देखियो ।

थ) ललितपुर महानगरपालिकाको च.नं. ६९७३ मिति २०७६/०१/२२ को जिल्ला प्रशासन कार्यालय, ललितपुरलाई लेखेको पत्रमा भएको सहायक प्रमुख प्रशासकीय अधिकृत- अन्तर बहादुर सिलवालको हस्ताक्षर र ललितपुर महानगरपालिका र उपभोक्ता समिति विच भएको योजना सम्झौतामा भएको सहायक प्रमुख प्रशासकीय अधिकृत- अन्तर बहादुर सिलवालको हस्ताक्षर फरक फरक भएको भनि उजूरीमा दावि गरिएता पनि हस्ताक्षरमा तात्विक फरक हो वा होइन एकिन गर्न सकिने अवस्था रहेन ।

द) ललितपुर महानगरपालिकाले उक्त बाटो बढाउनका लागि पूर्वाधार समितिमा छलफल गरी समितिले गरेको छलफल पश्चात निर्णयको व्यहोरा खुलाई महानगरपालिकाले च.नं. ६९७३, मिति २०७६/०१/२२ गतेको पत्रबाट जिल्ला प्रशासन कार्यालय, ललितपुरलाई पत्राचार गरेको र उक्त बाटो निर्माण सडक नटोल-पाटन ढोकाको दायाँ तर्फ मिश्रित पुरानो बसोबास उपक्षेत्र र दायाँतर्फ (मदन स्मारक स्कूल तर्फ) अन्य आवासीय उपक्षेत्र भएकोले मिश्रित पुरानो उपक्षेत्रमा जिएलडी (Guided Land Development) लागू नहुने र अन्य आवासीय उपक्षेत्रमा जिएलडी लागू हुने साथै सो सडकको जिएलडी ५.५+५.५=११ मि भएकोमा बायाँतर्फ केन्द्रबाट ५.५ मि भन्दा बढी नहुने गरी सडक विस्तार गरिएको भन्ने ललितपुर महानगरपालिकाको प्राविधिक प्रतिवेदनमा उल्लेख भएको पाइयो।

ध) उक्त सडक विस्तारमा स्थानियवासीहरुको सहमति समर्थनमा विद्यालयका प्र.अ. लगायत अन्य शिक्षकको मौखिक सहमतिमा बाटो विस्तार कार्यको लागि स्कूल तर्फको जमिन जिएलडी अनुसार विस्तार गरिएको भन्ने ३ नं वडा अध्यक्षको राय रहेको पाइयो।

न) विद्यालयलाई माया गर्ने स्थानियवासीहरुको नामबाट उजुरी गरेको भएतापनि वडा अध्यक्षज्यूको समन्वय मार्फत स्थानिय उजूरी कर्तासँग संवाद गर्दा उजूरीकर्ता सित सनाखत गरी उक्त विस्तारित बाटो क्षेत्र तर्फ सटर राख्ने आशंका भएकोले असन्तुष्टी भएको र उक्त आशंका निवारण भएकोले उजूरी फिर्ता लिएँ भनि उजूरीवाला वडा नं. २० बस्ने नविन महर्जनले सनाखत गरि उजूरी फिर्ता लिएको प्राप्त कागजातबाट पाइयो ।

ऩ) ललितपुर महानगरपालिकाले च.नं. ७१७१, मिति २०७६/०१/२७ गते को पत्रबाट उक्त सडक नटोल-पाटन ढोकाको दायाँ तर्फ मिश्रित पुरानो बसोबास उपक्षेत्र र दायाँतर्फ (मदन स्मारक स्कूल तर्फ) अन्य आवासीय उपक्षेत्र भएकोले मिश्रित पुरानो उपक्षेत्रमा जिएलडी लागू नहुने र अन्य आवासीय उपक्षेत्रमा जिएलडी लागू हुने ।सो सडकको जिएलडी ५.५+५.५=११ मि भएकोमा बायाँतर्फ केन्द्रबाट ५.५ मि भन्दा बढी नहुने

गरी जिएलडी को प्रतिलिपी नक्सा बमोजिम सडक विस्तार गरिएकोले उक्त निर्माण कार्य रोक्का राख्नुपर्ने औचित्य नभएको व्यहोरा खुलाई जिल्ला प्रशासन कार्यालय, ललितपुरलाई महानगरपालिकाले पत्राचार गरेको देखियो ।

प) मदन स्मारक उ.मा.वि.का प्र.अ. श्री गोविन्द प्रासद पौडेलको संयोजकत्वमा मिति २०७६/०१/२९ गते विद्यालयमा बसेको बैठकले "यस विद्यालयको पूर्वी मोहडाको मदन स्मारक उ.मा.वि.को नाममा रजिष्टर्ड पास भएको जग्गामा विद्यालय परिवारसँग कुनै छलफल नै नगरी एकतर्फी रुपबाट विद्यार्थीहरुको खेलकुद मैदानलाई प्रत्यक्ष नोक्सान पर्ने गरी विद्यालयको जग्गामा मात्र बाटो विस्तार गर्न लागिएको हुँदा त्यस कार्यमा विद्यालय परिवारको पूर्ण असहमति रहेको" भनि सर्वसम्मत निर्णय गरेर जिल्ला प्रशासन र आफ्ना तालुक निकायमा पत्राचार गरेको पाइयो ।

फ) उक्त बाटोको सम्बन्धमा मदन स्मारक उ.मा.वि.को मिति २०७६/०१/२९ गते विद्यालयका शिक्षक तथा कर्मचारीहरु समेतको बैठकमा बसी एकतर्फि रुपमा बाटो निर्माण गर्ने कार्यलाई विद्यालय परिवारले असहमति जनाएको र उक्त कार्य अगाडि नबढाइ विद्यालयका शिक्षक तथा कर्मचारीहरुको माग बमोजिम गरिदिनुहुन भनि विद्यालयले च.नं. ९, मिति २०७६/०२/०३ मा गरिएको निर्णयको छायाँप्रति संलग्न राखि विद्यालय परिवारको भावनालाई सम्बोधन हुने गरी निकास दिन अनुरोध गर्दछु भनि ललितपुर महानगरपालिकालाई पत्राचार गरेको पाइयो ।

ब) मदन स्मारक स्कूलको कम्पाउण्ड वाल सारी पुन निर्माण गर्न उपभोक्ता समितिका अध्यक्ष दिनेश महर्जनले मिति २०७६/०९/०९ मा ललितपुर महानगरपालिकालाई सम्बोधन गरी मदन स्मारक स्कूल भित्रको विवादका कारण देखाई म्याद थप गर्न निवेदन दिएको पाइयो ।

भ) श्री मदन स्मारक उ.मा.वि. र ललित मण्डप ट्राभल एण्ड टुर्स प्रा.लि. विच विद्यालयको स्वामित्वमा रहेको २६ रोपनी जग्गा मध्ये पूर्वपट्टीको ४० फिट चौडाई, ३३० फिट लम्बाई र दक्षिणतर्फ ४० फिट चौडाई, ५२ फिट लम्बाईको लगभग १३,६०० व.फि. जग्गा २५ वर्षको लागि व्यापारिक प्रयोजनको लागि लिन दिन मिति २०६४ साल चैत्र महिना १७ गते सम्झौता भएकोमा ललित मण्डप ट्राभल एण्ड टुर्स प्रा.लि.ले गरेको संझौता बमोजिम सहकार्ने गरी उक्त विद्यालयको जग्गा श्रीमदन स्मारक उ.मा.वि. र क्लासिक डेभलपर्स प्रा.लि. विच ऐ क्षेत्रफल ऐ जग्गा पूर्व संझौता बमोजिम नै २५ वर्षको लागि व्यापारिक प्रयोजनका लागि लिन/ दिन मिति २०६८ साल माघ महिना १७ गते पुनः दोस्रो सम्झौता भएकोमा सम्मानित सर्वोच्च अदालतले निवेदनको अन्तिम टुङ्गो नलागेसम्म विद्यालय हाताभित्र रहेको खुला क्षेत्रमा कुनै संरचना निर्माण नगर्नु, नगराउनु भनी सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९(२) (क) बमोजिम मिति २०७६/०२/०१ मा अन्तरिम आदेश जारी गरेको पाइयो ।

## ३. निष्कर्षः-

❋ श्री मदन स्मारक उ.मा.वि.को व्यबस्थापन समितिका अध्यक्ष जेलमा परि विगत लामो समय देखि प्राविधिक कारणबाट व्यबस्थापन समितिको वैठक बस्न नसकेको र पटक पटक विद्यालयले वरिष्ठ सदस्यको अध्यक्षतामा वैठक राख्न अनुरोध गर्दा समेत उक्त कार्य असफल भएकोले प्र.अ. श्री गोविन्द प्रासद पौडेलको संयोजकत्वमा मिति २०७६/०१/२९ गते विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरुको मात्र वैठक राखी बैठकले

विद्यालयको पूर्वी मोहडाको मदन स्मारक उ.मा.वि.को नाममा रजिष्टर्ड पास भएको २६ रोपनी जग्गामा विद्यालय परिवारसँग कुनै छलफल नै नगरी एकतर्फी रुपबाट विद्यार्थीहरुको खेलकुद मैदानलाई प्रत्यक्ष नोक्सान पर्ने गरी विद्यालयको जग्गामा मात्र बाटो विस्तार गर्न लागिएको हुँदा त्यस कार्यमा विद्यालय परिवारको पूर्ण असहमति रहेको भनि विद्यालयले सर्वसम्मत निर्णय गरेर जिल्ला प्रशासन कार्यालय ललितपुर र आफ्ना तालुक निकायमा पत्राचार गरेको देखिन्छ ।

- उक्त बाटोको सम्बन्धमा पुनः श्रीमदन स्मारक उ.मा.वि.ले विद्यालयका शिक्षक तथा कर्मचारीहरु समेतको बैठक राखी एकतर्फि रुपमा बाटो निर्माण गर्ने कार्यलाई विद्यालय परिवारले असहमति जनाएको र उक्त कार्य अगाडि नबढाइ विद्यालयका शिक्षक तथा कर्मचारीहरुको माग बमोजिम गरिदिनु हुन भनि विद्यालयको च.नं. ९, मिति २०७६/०२/०३ मा गरिएको निर्णयको छायाँप्रति संलग्न राखि विद्यालय परिवारको भावनालाई सम्बोधन हुने गरी निकास दिन अनुरोध गर्दछु भनि श्री ललितपुर महानगरपालिकालाई पत्राचार गरेको पाइयो।
- श्री मदन स्मारक उ.मा.वि को पूर्व तर्फ **मिश्रित पुरानो बसोबास उपक्षेत्र** भएकोले मिश्रित पुरानो उपक्षेत्रमा जिएलडी लागू नहुने र **अन्य आवासीय उपक्षेत्रमा जिएलडी लागू हुने** साथै सो सडकको जिएलडी ५.५+५.५=११ मि भएकोमा बायाँतर्फ केन्द्रबाट ५.५ मि भन्दा बढी नहुने गरी सडक विस्तार गरिएको भन्ने ललितपुर महानगरपालिकाको प्राविधिक प्रतिवेदनमा उल्लेख भएता पनि **मिश्रित पुरानो बसोबास उपक्षेत्र** लाई आधार मानेर ललितपुर महानगरले एकतर्फि रुपमा विद्यालयको खालि जग्गामा आँखा लगाई विद्यालयको कम्पाउण्डवाल ९ फिट भित्र सारेर (करिव ५ आना क्षेत्रफल जाने) आफ्नो ०७५/०७६ को स्वीकृत वार्षिक बजेट बमोजिम उपभोक्ता समिति मार्फत उक्त कार्य गरेको र करिव १०/१० फिटको अन्तरमा पिल्लर उठाई पक्की तवरले कम्पाउण्ड वाल विस्तार गरेको देखियो ।
- श्री मदन स्मारक उ.मा.वि.को पूर्व तर्फ बाटो विस्तार गर्दा सो बाटोको जि.एल.डी. नक्सा अनुसार पूर्वतर्फ **मिश्रीत पुरानो बसोबास उपक्षेत्र** भएकोले पुराना घर हुनेहरुले सोही ठाउँको बाटोको सेन्टरबाट जग्गा नछोडी सोही ठाउँमा घरले चर्चेको जग्गा बरावरको जग्गामा नयाँ घर निर्माण गर्न पाउने काठमाण्डौ उपत्यका नगर विकास समिति अनामनगरको मापदण्ड २०६४ मा व्यबस्था भएबमोजिम विद्यालयको पूर्व तर्फ **मिश्रीत पुरानो बसोबास उपक्षेत्र भएको,** जग्गा खाली नभई घरहरु मात्र भएको र सडक चाप बृद्धिको कारणले गर्दा सडक चौडा गर्दा दुवै तर्फ बराबर लिनुपर्ने कानुनी मान्यता भएतापनि आधारभूत आवश्यकताको सिद्धान्त अनुसार सडक चापको माध्यम बनाएर विद्यालयको जग्गामा मात्र बाटो विस्तार गर्ने कार्य गरेको देखिन्छ ।
- श्री मदन स्मारक उ.मा.वि. ले व्यापारिक प्रयोजनको लागि २५ वर्षलाई सम्झौता गरी क्लासिक डेभलपर्स प्रा.लि.लाई दिएको जग्गाको सन्दर्भमा सम्मानित सर्वोच्च अदालतले निवेदनको अन्तिम टुङ्गो नलागेसम्म विद्यालय हाताभित्र रहेको खुला क्षेत्रमा कुनै संरचना निर्माण नगर्नु नगराउनु हुन भनि मिति २०७६/०२/०१ मा अन्तरिम आदेश जारी गरेको देखिन्छ ।

## ४. सुझाव :-

क) श्री मदन स्मारक उ.मा.वि. ले व्यापारिक प्रयोजनको लागि २५ वर्षलाई सम्झौता गरी क्लासिक डेभलपर्स प्रा.लि.लाई दिएको जग्गाको सन्दर्भमा सम्मानित सर्वोच्च अदालतले निवेदनको अन्तिम टुङ्गो नलागेसम्म विद्यालय हाताभित्र रहेको खुला क्षेत्रमा कुनै संरचना निर्माण नगर्नु नगराउनु हुन भनि मिति २०७६/०२/०१ मा अन्तरिम आदेश जारी गरेकोले सो सम्बन्धमा टोलीले वोलीरहनु परेन।

ख) ललितपुर महानगरपालिकाले आ.ब. २०७५/७६ को स्वीकृत वार्षिक बजेट नै दिएर विद्यालयको सार्वजनीक जग्गा हस्तक्षेप गरी करिव ९ फिट विद्यालयको कम्पाउण्ड वाल सारेर पक्की पिलर उठाइ बाटो बढाएको र सामुदायीक विद्यालयको करिव ५ आना क्षेत्रफल सार्वजनिक सम्पती मिचेर गरेको बाटो विस्तार सम्बन्धमा सार्वजनिक जग्गा संरक्षण, संबर्द्धन गर्ने दायीत्व हाल स्थानीय सरकारलाई समेत भएकोले उक्त सार्वजनीक सम्पत्ती एकतर्फी रुपमा बाटो बढाउने उद्देश्यले अतिक्रमण गरि बाटो विस्तार समेत गरेर कम्पाउण्ड वाल लगाई सकेको अवस्थामा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १३ मा स्थानीय तहको सम्पतीको संरक्षण सम्बन्धी स्पष्ट व्यवस्था भएको र सोही ऐनको दफा ९७ मा **"गाउँपालिका तथा नगरपालिका क्षेत्रभित्रको सम्पत्तिको संरक्षण"** सम्बन्धी व्यवस्था भएकोले सोही ऐन बमोजिम उक्त विद्यालयको सार्वजनीक सम्पत्ती संरक्षण गर्नु गराउनुहुन भनी ललितपुर महानगरपालिकालाई सुझाव दिन उपयुक्त देखिन्छ।

## ५. राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।११।२७ को निर्णयः

मदन स्मारक माध्यमिक विद्यालयको जग्गा विद्यालयको जग्गा महानगरपालिकाले विद्यालयको स्वीकृति विना अतिक्रमण गरेको भन्ने लगायतको विषयमा छानविन गरी प्रतिवेदन पेश गर्न गठित छानविन टोलीबाट पेश भएको छानविन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्न का साथै सामुदायिक विद्यालयका जग्गाहरु अन्य प्रयोजनमा प्रयोग गर्नु पूर्व सम्बन्धित विद्यालयको पूर्व सहमती लिई सार्वजनिक जग्गाको संरक्षण गर्ने व्यवस्था गर्न ललितपुर महानगरपालिकालाई निर्देशन दिई उजुरीको लगत कट्टा गर्ने निर्णय गरियो ।